**Nepalese Culture**
**Vol. : 77-90, 2025**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v18i1.78291**

# टोखाको ऐतिहासिक रूपरेखा

**श्याम मदन के.सी.**

**Received Date: Dec 15, 2024**
**Accepted Date: April 05, 2025**

## लेखसार

टोखामा प्राप्त भएको अभिलेखलाई आधार मान्दा लिच्छविकालमा नै यस क्षेत्रमा वस्ती प्रख्यात भइसकेको देखिन्छ । प्राचीन कालदेखि नै टोखा चाकु उत्पादनको लागि लोकप्रिय थियो । यहाँ प्राचीनकाल, लिच्छविकाल, मध्यकालदेखि शाहकालसम्मका भौतिक तथा अभौतिक सम्पदाहरू रहेका छन् । प्राचीन समयमा टोखाले स-साना ग्रामीण क्षेत्रलाई समेटी चारसय गाउँ र त्यसको सातसय फेरा क्षेत्रफलभित्रको भौगोलिक सिमाभित्र पर्ने सम्पूर्ण क्षेत्रको रेखदेख र कर उठाउने जिम्मेवारी पाएको हो । गोकर्ण, चुनीखेल, गाम्चा, टुसाल, खड्का भद्रकाली, नारायणटार, वासुखु, हात्तीगौडा, धापासी, धर्मस्थली, साङ्ला, काभ्रेस्थली, गोङ्गबु, झोर र मनमैजु टोखाका शासित क्षेत्र हुन् । उक्त क्षेत्रमा शासन सञ्चालन गरेको कारण “चारसय टोखा सातसय फेरा” भनिएको हो । टोखा चारसय गाउँको सिमाभित्र सिमित नभई शङ्खमूलसम्म शासन सञ्चालन गरेको मानिन्छ । त्यसको प्रमाणका निमित्त टोखामा प्रमुख नाइके नियुक्त गर्ने परम्परालाई लिन सकिन्छ । त्यो प्रचलन वर्तमानमा पनि अभ्यासमा छ । टोखालाई चारसय टोखा सातसय फेरा किन भनियो ? यस क्षेत्रको ऐतिहासिक विकासक्रम कसरी भएको छ ? यो स्थान एउटै छुट्टै राज्यको रूपमा विकसित भएको थियो कि ? वा लिच्छविकालमा राजनैतिक दृष्टिले स्वशासनको अधिकार पाएको हो ? यस क्षेत्रअन्तर्गत के कस्ता भौतिक सांस्कृतिक सम्पदा निमार्ण भए ? र के कस्ता अभौतिक सांस्कृतिक अभ्यासहरू प्रचलनमा आए ? यी विषयमा पनि प्रर्याप्त अध्ययन भएका छैनन् । त्यसैले उक्त विषयसँग सम्बन्धित स्रोत सामग्रीहरू पर्याप्त रूपमा नपाइएका हुन् । यो पक्ष यस अध्ययनका प्राज्ञिक समस्या हुन् । उक्त अभाव आंशिक रूपमा भए तापनि परिपूर्ति गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । यो गुणात्मक ढाँचामा आधारित छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुबै प्रकृतिका तथ्याङ्कको विश्लेषण भएको छ ।

सूत्रशब्द : टोखाको नामकरण, चारसय टोखा सात सय फेरा, ऐतिहासिक रूपरेखा, भौतिक तथा अभौतिक सम्पदा ।

## परिचय

उपत्यकाको उत्तरी क्षेत्र प्राचीन मानव बसोबासको दृष्टिले महत्त्वपूर्ण छ । यो सन्दर्भलाई देशी तथा विदेशी विद्वान्हरूबाट गरिएको पुरातात्विक अध्ययनबाट प्राप्त प्राचीन पाषण हतियारहरूले स्पष्ट गरेका छन् । सोभियत संघको लेलिनग्राद विश्वविद्यालय पुरातत्व संस्थानका प्रागैतिहासिक पुरातत्वविद् डा. एनातोली याकोब्लभ सेटेन्कोको अन्वेषणवाट बुढानिलकष्ठका दक्षिण पूर्वतिर धोवीखोलामा मध्य पुरापाषाण कालीन हतियारहरू प्राप्त गरेका थिए (जोशी, वि.सं.२०३०, पृ. १४-१५०) । उक्त हतियारहरू विना चोट दिएर वा ताछेर बनाइएका गोबी नमुनाका धार भएका, दुई धारे र तीन चुच्चे छन् । गोबी नमुनाका ढुङ्गेहतियार मङ्गोलियाको गाबी भन्ने क्षेत्रबाट निर्माण शुरु भएर सुदूर पूर्व एशिया हुँदै अमेरिकासम्म पुगेको विश्वास गरिन्छ । अन्य दुई प्रकारका हतियारहरू भने युरोपमा विशेष चल्तीमा रहेका थिए (पाण्डे र रेग्मी, वि.सं.२०६२. पृ.६३-७८) ।

यस्ता शैलीका निर्माताहरू यूरोपबाट पश्चिम काश्मिर हुँदै पहाडै-पहाडको बाटोबाट नेपाल प्रवेश गरेको मानिन्छ । यसले टोखा क्षेत्रको माथिल्लो भागमा बसोबास गरेको हुनसक्ने अनुमान गरिएको छ । उपत्यका नागदहबाट पानीको निकास नहुदैको अवस्थामा यसका वरपरका डाँडाहरूमा मानव बसोवास विस्तार भइसकेको थियो । उत्तरी पर्वत शतरुद्र अर्थात् बुढानीलकष्ठ र टोखा माथिका डाँडाहरूमा बस्ती विकसित भएको थियो । पहिलो बस्ती टोखा र दोस्रो वस्ती सुप्रभानगरी (चन्द्रागिरी, थानकोट र आसपास) थिए । बिशालनगरलाई यहाँबाट दहको पानी बाहिर गएपछि विकसित भएको बस्ती भनिएको छ (प्रधान, वि.सं.२०७६, पृ. ८५) ।

कान्तिपुर, ललितपुर, भक्तपुर लगायत देउपाटन, थानकोट, बलम्बु, चापागाउँ, साँखु, फपिंङ्ग, किसिपिड, सतुङ्गगल, चाँगु, बुढानिलकष्ठ, टोखा, बुङ्गमति लगायतका क्षेत्रहरूमा प्राप्त भएका अभिलेखहरू उक्त सन्दर्भलाई प्रमाणित गर्ने प्रमुख आधार हुन् । ती अभिलेखहरूमा स्थानीय बासिन्दाहरूलाई विभिन्न सुविधा र अधिकार दिएको बारेमा सम्बोधन गरेको पाइन्छ । त्यसबाट लिच्छविकाल अगावै उपत्यकाभित्र रहेका उच्चस्थानहरूमा बसोवास विकास भइसकेको बुझिन्छ (वज्राचार्य, वि.सं.२०३०, पृ. ३५-२८९) ।

लिच्छविकालीन अभिलेखहरूमा खोपृङ् (भक्तपुर), तेङ्ख (टेकु) जस्ता स्थानविशेषका कतिपय नामहरू गैरसंस्कृति अर्थात् किराँती भाषाबाट आएको देखिन्छ । त्यसबाट खोपृङ् र तेङ्खु वस्ती लिच्छविहरूको आगमनभन्दा अघि बसिसकेको थाहा हुन्छ । टोखामा प्राप्त भएको लिच्छविकालीन अभिलेखमा उल्लेख भएको ' तिलमक' शब्दलाई किराती भएको अनुमान गर्न सकिन्छ । उपत्यकाभित्रका धेरै पुराना वस्तीहरू उच्चस्थानमा रहेको देखिन्छ । यसरी उच्चस्थानमा रहेको वस्तीलाई प्राचीनकालमा राजनैतिक दृष्टिकोणबाट गढको रूपमा विकास गरिएको थियो । त्यसरी नै विकास गरिएको प्राचीन वस्तीहरूमध्ये बहुचर्चित वस्ती टोखा रहेको छ ( वज्राचार्य, वि.सं. २०३० पृ. २६६-२७०) ।

अभिलेखमा चार किल्लालाई दक्षिण पश्चिमतिर तिलमक(कुलो) को दोभान, त्यसबाट त्यही कुलो तिरलागी पुल, त्यताबाट बाटोतिर लागि सालको रुख, त्यसको तलतिर कुलोतिर लागि त्यसदेखि उत्तरतिर पानी झरेको ठाउँ र पञ्चक, त्यसदेखि दक्षिणतिर ज्ञातिखृन खोलाको चारकिल्ला रहेको वताइएको छ । यो अभिलेख ज्यादै खिइएको हुनाले उठानका केही पङ्क्ति पढ्न नसक्ने अवस्थामा रहेको हुनाले स्पष्ट हुन सकिएको छैन् (माली, १९७९, पृ. १२-७६) । तर वर्तमान अवस्थामा यसको भौगोलिक सिमाना उत्तरबाट दक्षिण भएर बग्ने

दुई नदीहरू क्रमशः पश्चिममा साङ्लो खोला रहेको छ । उत्तरमा टोखा नगरपालिकाको वडा नं.१ र नुवाकोट जिल्लाको सीमा, पूर्व र दक्षिणमा विष्णुमति खोला एवम् टोखा नगरपालिकाको वडा नं. ८ वानियाँटार र ढलमलको बिचमा रहेको टोखा शिवपुरी वन्यजन्तु आंरक्षणको काखमा अवस्थित छ । टोखामा नेवार समुदायको बाहुल्य रहेको छ । यहाँ विशेषगरि शैव, शाक्त, वैष्णव, बौद्ध लगायतका धार्मिक सम्प्रदायअन्तर्गतका देवीदेवताका मन्दिर, ढुङ्गेधारा, पोखरी, पाटी-पौवा, डबली, चण्डेश्वरी, चण्डेश्वर रहेका छन् ।

टोखामा रहेको चण्डेश्वरी मन्दिर क्षेत्रलाई तेत्तीसकोटी देवताको वासस्थान भएको विश्वास गरिन्छ । प्राचीनकालमा यो प्रसिद्ध धार्मिक र राजनैतिक रूपमा इतिहासिक स्थानको रूपमा परिचित रहेको थियो भन्ने विश्वास स्थानीयको छ । टोखामा आजसम्म इन्द्रजात्राको दिन किराँती राजा यलम्वरलाई (प्राचीन हाथु द्योः) को पूजा गर्ने गरिन्छ । यिनको टाउको मात्रको देवताको मूर्तिलाई द्वीप प्रज्वलन गरेर शहर परिक्रमा गर्ने परम्परा छ (पन्त, वि.सं.,२०६९, ३४-१३०) । यसले टोखामा किराँतीहरूको बसोबास थियो भन्ने तथ्यलाई उजागर गरेको छ । समग्रमा टोखा क्षेत्र प्राचीन समयदेखि नै प्रशासनिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण थियो । यस क्षेत्रको उक्त अवस्थालाई थप पुष्टि गर्ने ध्येयले *टोखाको ऐतिहासिक रूपरेखा* शीर्षकको यो अध्ययन गरिएको छ ।

### अनुसन्धानका समस्या एवम् प्रश्न

टोखा क्षेत्रमा रहेका प्राचीन कालदेखिका धार्मिक तथा संस्कारगत गतिविधिले गर्दा यो क्षेत्र सांस्कृतिक रूपमा महत्त्वपूर्ण रहेको देखिन्छ । टोखालाई स्थानीय मानिसहरूले एउटा छुट्टै राज्यको रहेको वताउने गरेका छन् । टोखाअन्तर्गत चारसय गाउँ रहेको र त्यसको क्षेत्रफल सातसय फेरा रहेको वताइन्छ । स्थानीयको विश्वास बमोजिम लिच्छविकालमा टोखा मौजाभित्र गोकर्ण, चुनीखेल, गाम्चा, टुसाल, खड्का भद्रकाली, नारायणटार, वासुखु, हात्तीगौडा, धापासी, धर्मस्थली, पुरानो गुह्यश्वरी, पाँचमाने, साङ्ला, काभ्रेस्थली, झोर, मनमैजुभित्र रहेको सा-साना स्थानहरूलाई समेटी चार सय गाउँ रहेको थियो । तर यस भनाईलाई पुष्टि गर्ने आधारको रूपमा साहित्यिक तथा पुरातात्वि स्रोतको अभाव रहेको देखिन्छ । यो क्षेत्र छुट्टै राज्य रहेको साहित्यक तथा पुरातात्विक प्रमाणहरू पाउन सकिएको छैन् ।

समग्रमा टोखालाई चारसय टोखा सातसय फेरा भनिएको सन्दर्भ, यस क्षेत्रको ऐतिहासिक विकासक्रमको विषय, यो स्थान एउटा छुट्टै राज्यको रूपमा विकसित भएको प्रसङ्ग, लिच्छविकालमा राजनैतिक दृष्टिले स्वशासनको अधिकार पाएको सन्दर्भ, यस क्षेत्रअन्तर्गत स्थापना भौतिक सांस्कृतिक सम्पदा र अभौतिक सांस्कृतिक अभ्यासहरूको प्रचलन जस्ता पक्षका बारेमा प्रर्याप्त अध्ययन भएका छैनन् । उक्त विषयलाई विभिन्न स्रोतहरूको व्याख्या विश्लेषण गरी वास्तविकताको उजागर गर्ने मूल उद्देश्यका साथ यो अध्ययन गरिएको हो ।

## अध्ययन विधि

अध्ययन विधिमा टोखाको चारसय टोखा सात सय फेरा वस्तुस्थितिको प्रकृतिको खोजी यो गुणात्मक तथ्याङ्कका आधारमा गरिएकाले यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ । अवलोकन र सहभागीहरूको अन्तक्रिया, व्यवहार र अनुभवबाट स्थानीयहरूको भावना र विचार बुझ्ने भएकोले ग्राउण्डेड सिद्धान्तको उपयोग

पनि यस अध्ययनमा गरिएको हो । यो अन्वेषण कार्यमा केन्द्रित भएकोले शाब्दिक रूपमा विचार, अनुभवलाई प्राकृति अवस्थामा र तात्कालीन ढाँचाको उपयोग गरी बहु-सूचनाको उपयोग गरिएको छ । अध्ययनबाट पर्याप्त र उपयोगी सूचना प्राप्त गर्नका लागि उद्देश्यमूलक नमुना छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको हो । समस्यालाई विषयगत निर्णका आधारमा प्राकृतिक अवस्थामा अध्ययन भएको छ । अध्ययनको उद्देश्यअनुसार प्राथमिक र द्वितीयक स्रोतलाई छनोट गरिएको छ । यसमा पुस्तकालय, सङ्ग्रहालय, संस्कृतिविज्ञ, समुदायका गन्यमान्य व्यक्तिहरूबाट बैध र विश्वसनीय साहित्यिक ग्रन्थहरूको अध्ययन गरिएका छन् ।

टोखाका स्थानीय मानिसहरूका अनुभव, विचार, धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्यांश कै रूपमा उपयोग गरिएको छ । त्यस क्षेत्रको अवलोकनद्वारा प्राप्त तथ्याङ्कमा मानिसका क्रियाकलापहरू, कार्य तथा घटनाहरू, व्यक्ति-व्यक्तिबीचको अन्तरक्रियाहरूबाट प्राप्त विवरण समावेश गरिएका छन् । यस अनुसन्धानत्मक लेखमा व्यक्ति वा संस्थाले पहिले सङ्ग्रह गरिएका तथ्य तथ्याङ्कहरूलाई पुनः उपयोग गरिएको छ । द्वितीयक स्रोतको प्रयोगले लेखलाई प्रामाणिक गर्नका सहयोगी हुनेछ । यस्ता तथ्याङ्कहरू सङ्कलनमा प्रचलित नैतिक मूल्य मान्यताहरूको पूर्ण पालना गरिएको छ । दुवै स्रोतबाट प्राप्त तथ्याङ्कहरूको सम्पादन, सत्यतापरीक्षण गरि तथ्यको विश्वसनियता नजिकपुग्ने गरि सङ्कलित तथ्यहरूलाई लेखनमा समावेश गरिएका छन् । यस लेखको माध्यामबाट टोखा एउटा राज्यको रूपमा वा प्रशासनिक इकाइको रूपमा थियो भन्ने इतिहासलाई उजागर गर्ने छ । लेखका लागि विभिन्न स्रोतहरूबाट प्राप्त भएका सूचनालाई व्याख्या गर्दा वहु-दृष्टिकोणमा आधारित भएर गरिएका छन् । प्राप्त गरिएका सूचनाहरूको तार्किक वर्णात्मक विश्लेषण र व्याख्या गरी आगमनात्म विधिद्वारा निष्कर्षमा पुगिएको छ ।

## अध्ययनबाट प्राप्त तथ्य एवम् उपलब्धि

सङ्कलित तथ्याङ्क विश्लेषणका आधारमा अध्ययनको उपलब्धिका रूपमा टोखाको ऐतिहासिक रूपरेखासँग सम्बन्धित विविध पक्षको विशेषणात्मक विवरण यहाँ समावेश गरिएको छ । अध्ययनबाट प्राप्त तथ्य एवम् उपलब्धि प्रस्तुतिका क्रममा टोखाको नामकरण, चारसय टोखा सात सय फेराका रूपमा टोखा, टोखाको ऐतिहासिक रूपरेखा, स्वतन्त्र प्रशासनिक इकाइको रूपमा टोखाको पतन, टोखामा पाइने भौतिक तथा अभौतिक सम्पदा जस्ता उपशीर्षकअन्तर्गत विविध पक्षको विवेचनाका आधारमा छलफल एवम् निष्कर्ष प्रस्तुत गरिएको हो ।

## टोखाको नामकरण

टोखाको नामकरण नेपाल भाषाको 'टुख्य' शब्दबाट भएको हो । 'टुख्य' शब्दले उखु उत्पादन हुने विशाल फाँटलाई बुझाउँछ । नेपाल भाषामा 'टु' को अर्थ उखु र 'ख्य' को अर्थ फाँट हो । सोही टुख्य शब्दमा अपभ्रंश भई कालान्तरमा टोखा हुन गएको विश्वास गरिन्छ । टोखाका सत्य तथ्य इतिहासको अध्ययन गर्नका लागि विगतका घटना, विवरण भएको तिथिमिति निश्चित रूपमा तोक्ने ऐतिहासिक सामग्रीको अभाव रहेको छ ।

टोखाको अध्ययन गर्नका लागि प्रागतिहासिक विभिन्न पुराण, साहित्यक ग्रन्थ, वंशावली, यात्राबृत्तान्त, लोक इतिहाँस, प्रकाशित ग्रन्थ, लेख-रचनाको उपयोग गरिएको छ । त्यसको अतिरिक्त टोखाको सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण तपलाछी टोलको चोकमा रहेको अभिलेखको आधारमा विश्लेषण गरिएका छन् । प्राप्त भएको अभिलेखमा चारकिलल्ला भित्रका जनतालाई दुःख नदिनु र अनावश्यक पिरोलेमा राजाले नसहने

कुरा चर्चा गरिएका छन् । भविष्यमा हुने राजाले समेत यसको पालना गर्नु पर्ने व्यहोरा परेको छ । तर टोखा किल्लाबारे कुनै प्रकाश पारेको देखिदैन् (जोशी, वि.सं.२०३०, पृ. २४५-२४६) । यहाँ प्राप्त भएका मध्यकालको उत्तरार्द्धमा राखिएका शिलालेखहरूमा टोखाको नामकरण 'तोखा देश', 'टोखा ग्राम', 'जयपुरी नगर', 'जयपुली देस' आदिको उल्लेख गरिएको पाइन्छ (श्रेष्ठ, वि.सं. २०५१ पृ.४-२०) ।

## चारसय टोखा सात सय फेराका रूपमा टोखा

लिच्छविकालीन समयमा शासन व्यवस्था सोझै केन्द्र र सामन्तद्वारा गर्ने गरेको देखिन्छ । त्यस समयका साहित्यक स्रोतहरूमा टोखा क्षेत्र जिल्लाको (विषय वा देश) को रूपमा रहेको देखिन्छ। यसबाट टोखाको प्रशासन केन्द्रबाट प्रत्यक्ष शासन नगरी सामन्तलाई प्रशासन संचालन गर्ने अधिकार प्रत्यायोजन गरेको देखिन्छ। टोखा एउटा छुट्टै राज्यको रूपमा रहेको थियो। टोखा क्षेत्र जिल्लाको(विषय वा देश)को रूपमा रही उसले आफ्नो शासन सञ्चालन गरेको अनुमान गर्न सकिन्छ। चारसय गाउँको रेखदेख र प्रशासन चलाउने जिम्मा टोखाले पाएको पुष्टि गर्न सकिन्छ। अझै कायम रहेको देखिन्छ।

टोखामा रहेको तलेजुको स्थापनाले प्रशासनिक इकाई रहेको तथ्यलाई स्पष्ट गरेको छ । मूल नाइके बहाली गर्दा चण्डेश्वरी जात्रासँगै जाने परम्परा छ। मूल नाइके बहाली गर्नु अघि चण्डेश्वरीमा बिहान १० बजेतिर सरकारी पूजासहित पञ्चबली पूजा मूल नाइकोको नेतुत्वमा गरिन्छ । टोखाको मूल नाइकेबाट प्रशासनिक, सामाजिक, धार्मिक र सांस्कृतिक कार्यमा प्रत्यक्ष संलग्नता रहेको पाइन्छ। उसैको निर्देशनमा सांस्कृतिक, धार्मिक कार्यहरू शुरु गरिने परम्परा रहेको छ। यसरी टोखाले चार सय गाउँ हेर्ने प्रशासनिक अधिकार पाएको देखिन्छ। ती क्षेत्र भौगोलिक रूपमा सात सय फेरी वा घुम्नका लागि लाग्ने समयलाई आकलन गरि "चारसय टोखा सात सय फेरा" भनिएको मान्न सकिन्छ।

टोखा क्षेत्रको चारकिल्ला खोल्दा "गुल्म(सुरक्षाचौकी), दक्षिण पश्चिमतिर तिलमक(कुलो)को दोभान, त्यतावाट त्यही कुलो...तिर लागि पुल... त्यतावाट वाटोतिर लागी...सालको रुख, त्यसको तलतिर कुलोतिर लागी...त्यसदेखि उत्तरतिर पानी झरेको ठाउँ, त्यसदेखि उत्तरतिर पञ्चक, त्यसदेखि दक्षिणतिर लागी दक्षिणपट्टि ज्ञातिखृन् खोलो यति चारकिल्ला भित्रको ठाउँ" भन्ने उल्लेख गरिएको छ(बज्राचार्य, वि.सं. २०३० पृ.९-३०) । माथि अभिलेखमा खोलिएको चारकिल्लाको विवरणको अध्ययन गर्दा टोखा वासीहरूले भनेको जस्तो यो छुट्टै राज्यको रूपमा नभएर विषयको रूपमा रहेको देखिन्छ।

लिच्छविकालमा टोखामा चारसय गाउँहरूको सिङ्गो राज्य रहेको देखिदैन् । टोखा वरिपरिका ग्रामीण क्षेत्रहरू बुढानिलकण्ठ, धापासी, धर्मस्थली, धर्मपुर, साँखु, गोकर्ण र टोखामा छुट्टाछुट्टै ढुङ्गाको अभिलेख राखेको देखिन्छ । अभिलेखमा स्थानीय वासिन्दाहरूलाई अंशुवर्माले त्रिकर अर्थात् भाग, भोग, कर मिनाहा गरी विर्तादिएको हुनाले चाटभाट नपस्ने स्पष्ट निर्देशन दिएको देखिन्छ (वज्राचार्य, वि.सं.२०३०.पृ.२६०-२६२) । यसले लिच्छविकालमा राजकीय आम्दानीको मुख्य आधार रहेको कृषि, पशुपालन, वाणिज्य आदिमा लाग्ने कर छुट दिएको देखिन्छ। यसले टोखामा रहेको सामन्त (नायः)लाई विभिन्न अधिकारहरू दिएको भए तापनि राज्यको लागि आवश्यक करहरू भने आफ्नो प्रत्यक्ष नियन्त्रणमा राखेको देखिन्छ।

काठमाडौको उत्तरिक्षेत्र धर्मस्थलीमा शिवदेव र अंशुवर्माले राखेको लिच्छविकालीन संवत् ५१७ को अभिलेखमा “धर्मस्थलीका वासिन्दाहरूलाई लेख्यदान र पञ्चापराध (चोरी गर्नु, हत्या गर्नु, राजद्रोह गर्नु आदि ठुलो पाच अपराध) सम्बन्धी कामको अधिकार सुम्पी सनदपत्र गरि दिइएको” भन्ने विवरण परेको छ । बुढानिलकण्ठमा राखिएको संवत् ५१७ को अभिलेखमा जनतलाई अधिकार सुम्पेको कुरा परेको छ (वज्राचार्य, वि.सं., २०३० पृ.२५८-२६२) । यसवाट जनतालाई प्रशासनसम्बन्धी अधिकार दिदै जाने नीति अंशुवर्माले लिएको देखिन्छ । विष्णुपादुकाको फेदीमा राखिएको मानदेवको संवत् ३९६ को अभिलेखबाट लिच्छविकालमा टोखा क्षेत्र थंतुरीद्रङ्गअन्तर्गत रहेको धार्मिक क्षेत्रको रूपमा रहेको देखिन्छ (वज्राचार्य, वि.सं., २०३० पृ.२५८-२६२) ।

बन्द व्यापार चलेको, प्रशासनको दृष्टिले विशष्टि दर्जा दिइएको, भन्सार अड्डा रहेको, धार्मिक रूपमा महत्त्वपूर्ण क्षेत्र रहेको टोखा थंतुरीद्रङ्ग क्षेत्रभित्रको प्रशासनिक इकाइको रूपमा रहेको हुनसक्ने अनुमान गर्न सकिन्छ । यसलाई शिवदेव र अंशुवर्माले खोपासीमा राखेको संवत् ५२० को अभिलेखमा लिच्छविकालमा केन्द्रद्वारा रेखदेख गरिने प्रदेश तथा सामन्तद्वारा रेखदेख गर्न प्रदेश गरी नेपालराज्य प्रशासनको दृष्टिले दुई खण्डमा विभाजन गरेको देखिन्छ । केन्द्रद्वारा सोझै शासन गरिने प्रदेश अनेक विषय (जिल्ला) हरूमा विभक्त थिए । प्रत्येक विषयमा स्थानीय प्रशासन चलाउन विषयपति नियूक्त हुन्थ्ये (वज्राचार्य, वि.स. २०३० पृ.२७५-२७८) । टिष्टुङको वसन्तदेवको संवत ४३४ अभिलेखबाट त्यस भेकमा विषयपति नियुक्त गरेको बुझिन्छ । खोपासी भेकमा भने त्यसरी विषयपति नियूत्त भएको देखिदैन् । खोपासी भेकसम्म सोझै केन्द्रद्वारा नै रेखदेख गरिन्थ्यो । टोखामा राज्य सञ्चालन गर्नका लागि विषयपतिको नियुक्ति गरेको पाइन्छ । विषयपतिलाई स्थानीय स्वशासनसम्बन्धी सवै अधिकार सुम्पिएको कारणले गर्दा टोखाले राजनीतिक र प्रशासनिक अधिकार प्राप्त गरेको देखिन्छ ।

बुढानिलकष्ठस्थानको संवत् ५१७ शिवदेव र अंशुवर्माको अभिलेखमा आङ्लावकसपिता र नंरसिहनामक दुई पाञ्चाली भेकका जनतालाई लेख्यदान र पञ्चापराध समन्धी अधिकार सुम्पेको कुरा परेको छ । बुढानिलकष्ठनिरको वस्ती दुई पाञ्चालीमा विभक्त थियो । एक पाञ्चालीको नाम आङ्लावसपिता थियो र अर्को नंरसिंह पाञ्चाली कहलाएको थियो भन्ने कुरा यस अभिलेखबाट थाहा पाउन सकिन्छ । धापासीको संवत् ५२६ शिवदेव र अंशुवर्माको अभिलेखमा धापासी भेकको वस्तीमा(प्रणाली दिमक ग्राममा) कुथेर, लिङग्वल आदि सरकारी अधिकरणले पञ्चापराधको तहकीकात जस्तो ठुलठुला काममा समेत नपस्नु : खाली साविक कर(भाग, भोग, कर) उठाउन मात्र सम्बद्ध अधिकारण (कुथेर)ले पस्नु भन्ने आदेश परेको छ (बज्राचार्य, वि.सं. २०३० पृ.२७४-२७८) । यी तत्वहरूको आधारमा विश्लेषण गर्दा अंशुवर्माको शासनकालमा राज्य व्यवस्थामा सुधार गरी जनतालाई सुखसुविधा दिलाउने नीति लिएको पाइन्छ ।

कतिपय स्थानहरूमा लिच्छविकालीन अभिलेख छुट्टाछट्टै राखि जनताहरूलाई भाग, भोग, कर उठाउने अधिकार दिएको देखिन्छ । प्राप्त भएका प्रमाणहरूको आधारमा विश्लेष्ण गर्दा चारसय गाउँको रेखदेख र प्रशासन चलाउने जिम्मा टोखाले पाएको निचोट निकाल्न सकिन्छ । यसलाई पुष्टि गर्ने आधारको रूपमा टोखामा परम्परागत रूपमा मूल नाइके नियुक्त गर्ने चलनलाई लिन सकिन्छ । तैपनि टोखाको “चार सय टोखा सात सय फेरा” रहेको तथ्यलाई पुष्टि गर्ने पुरातात्विक तथा साहित्यिक स्रोतहरूको अभाव रहेको देखिन्छ । त्यसैले यो विषय भविष्यका लागि गहन अध्ययनको विषय हुन सक्ने देखिन्छ ।

टोखा क्षेत्रमा प्रशासन चलाउनको लागि विषयपतिको नियुक्तिलाई (स्थानीय प्रशासनको प्रमुख) कालान्तरमा मूल नाइकेमा परिवर्तन भएको मान्न सकिन्छ । नाइकेले विषयपतिको रूपमा आफ्नो क्षेत्रमा पर्ने चारसय ग्राम र त्यसले चर्चेको क्षेत्रफलभित्र आफ्नो शासन सञ्चालन गरेका हुन् । अध्ययनको सिलसिलामा प्राप्त केही साहित्यिक स्रोत, स्थलगत अनवलोकन, स्थानीयहरूसँग गरिएको संवाद, अन्तरक्रिया गरियो । यसबाट टोखा मौजाभित्र गोकर्ण, चुनीखेल, गाम्चा, टुसाल, खड्का भद्रकाली, नारायणटार, वासुखु, हात्तीगौडा, धापासी, धर्मस्थली, पुरानो गुह्यश्वरी रहेको पाइयो ।

यस प्रकार पाँचमाने, साङ्ला, काभ्रेस्थली, झोर, मनमैजु भित्र रहेका स-साना स्थानहरूलाई समेटी ' चार सय गाउँमा शासन सञ्चालन गर्ने अधिकार दिएको देखिन्छ । प्रशासन सञ्चालन गर्ने अधिकार पाएको क्षेत्रभित्र पर्ने भौगोलिक दुरी 'सातसय फेरा' भएको मानिन्छ । प्राप्त स्रोत, अवलोकन, अन्तक्रिया, अभिलेखहरूको आधारमा विश्लेषण टोखा एउटा छुट्टै देशको रूपमा भएको देखिदैन् । यो क्षेत्र प्रशासनिक इकाईको रूपमा रहेको टोखाको भौगोलिक क्षेत्रलाई "चारसय टोखा सातसय फेरा" भन्ने चलन रहेको देखिन्छ । छलफलका आधारमा यस्तो निचोड निकालिएको भए तापनि स्पष्ट र थप भनाईलाई पुष्टि गर्ने प्रामाणिक स्रोतको अभाव रहेको छ ।

## टोखाको ऐतिहासिक रूपरेखा

प्राक्मानवले प्रयोग गरेका पाषण औजारहरू प्राप्तिले टोखा र बुढानिलकण्ठ क्षेत्रको माथिल्लो भागमा वस्ती बसेको हुनसक्ने अनुमान गर्न सकिन्छ । साहित्यिक स्रोतहरूमा प्रागऐतिहासिक कालदेखि उच्च स्थानहरूमा मानव बसोबास रहेको विश्लेषण गरेको देखिन्छ । यसलाई पुरातात्विक तथा ऐतिहासिक स्रोतबाट पुष्टि हुन सक्ने आधार पाउन सकिएको छैन् । उपत्यकाको बसोबास सम्बन्धी पुरातात्विक स्रोत लिच्छवि कालदेखि प्राप्त भएका छन् (जोशी, १९६६, पृ.१५०-२३०) । त्यस्ता स्रोतहरूमा कान्तिपुर, ललितपुर, भक्तपूर जिल्लाको वरिपरि धेरै ग्रामीण शहरहरू रहेको देखिन्छ । त्यस्ता साना शहरहरूमा देउपाटन, थानकोट, बलम्बू, चापागाउँ, साँखु, फर्पिङ, किसिपिड, सतुङ्गल, चाँगु, बुढानिलकण्ठ, टोखा, बुङ्गमती रहेको अभिलेखहरूमा पाइन्छ । लिच्छविकालका अभिलेखहरूमा राज्यले सिधा आफैले राज्य गरेको देखिन्छ । कतिपय स्थानहरूमा स्थानीय बासिन्दाहरूलाई विभिन्न सुविधा र अधिकार दिएर राज्य सञ्चालन गरेको पाइन्छ ।

हाडीगाउँमा सन् १९८४ मा इटाली र नेपालको संयुक्त प्रयासमा उत्खनन् गरिएको थियो ।  त्यसबाट प्राप्त पुरातात्विक सामग्रीहरू र अभिलेखहरूको अध्ययनबाट यहाँ किराँतकालमा बस्तीहरू विकास भएको सङ्केत पाइन्छ (बनर्जी.१९६९. पृ.६-९) । तत्कालीन समयमा राखिएका अभिलेखहरूमा संस्कृति भाषाको प्रयोग गरिएको छ । तर अभिलेखहरूमा खोपृङ, तेङ्खु जस्ता स्थान विशेषका कतिपय नामहरू गैरसंस्कृत भाषाबाट आएको हो । लिच्छविकालमा स्थान विशेषलाई सम्बोधनगरिएका नामहरू संस्कृत भाषाको नभई किराँती परिवारबाट आएको मानिएको छ । त्यसबाट खोपृङ् र तेङ्खु वस्ती लिच्छविहरूको आगमन भन्दा अघि बसिसकेको अनुमान गर्न सकिन्छ । उपत्यकाभित्रका धेरै पुराना वस्तीहरू उच्चस्थानमा वसेका थिए । यसरी उच्चस्थानमा रहेको वस्तीलाई प्राचीनकालमा राजनैतिक दृष्टिकोणबाट गढको रूपमा विकास गरिएको थियो (श्रेष्ठ, वि.सं. २०८० पृ.१-६०) । टोखामा प्राप्त भएको लिच्छविकालिन अभिलेखमा चर्चा गरिएको गुल्मले टोखा उच्चस्थानमा रहेको वस्ती भएको तथ्यलाई स्पष्ट गरेको छ ।

मध्यकालको समयमा टोखा नाम परिवर्तन गर्न खोजिएको देखिन्छ । यसरी परिवर्तन गर्न नसकेपछि लिच्छविकालमा राखिएको 'टोखा' नामलाई निरन्तरता दिएको देखिन्छ । नेपाल संवत ३७४ मा जयदेवले टोखा किल्लामा राखेको सुन लुटेको हुँदा टोखा र नेपी किल्लाहरूले विद्रोह गरेको विश्लेषण गरिएको पाइन्छ (श्रेष्ठ, १९९६, पृ.२८५-२९४) । यसबाट मध्यकालको पूर्वाद्धमा टोखा एउटा बलियो किल्लाको रूपमा प्रतिष्ठापित भएको देखिन्छ । मध्यकालमा यस्ता किसिमका किल्लाहरूको संख्यामा अध्यधिक बृद्धि भएको पाइन्छ ।

मध्यकालको पूर्वाद्धमा राज्य विभाजन हुने क्रमले तिव्रता पाएको छ । यसले आफु सुरक्षित रहन, शत्रुको आक्रमणबाट सुरक्षित हुन अर्कामाथि आक्रमण गर्न, राज्यका सुरक्षा व्यवस्थित तुल्याउन किल्लाको निर्माण गर्ने गरेको पाइन्छ । यसरी मध्यकालको अन्त्यतिर उपत्यकामा धेरै डाँडाहरूमा किल्लाहरूको संख्यामा बृद्धि हुन गएका थिए । त्यस्तै किल्लाहरूमध्ये टोखाको भु-अवस्थितिले गर्दा टोखा उत्तरतिर जाने महत्त्वपूर्ण किल्लाको रूपमा रहनु स्वभाविक देखिन्छ । यसैको आधारमा टोखा एउटै छुट्टै राज्यको रूपमा रहेको थियो भन्ने विश्वास स्थानीयहरूमा रहेको छ (डंगोल, वि.सं.२०७३ पृ.१-४०) । टोखा छुट्टै राज्यको रूपमा स्थापित भएको पृष्टि गर्ने पुरातात्विक, अभिलेखिय र साहित्यिक स्रोतहरू प्राप्त हुन सकेन् ।

मल्ल राज्यको विभाजन पूर्व उपत्यका वरिपरि रहेका प्रदेशहरू किल्लाको रूपमा विकास गरिएको थियो । त्यस समयमा कीर्तिपुर, थानकोट, बलम्बु, कपन, गोकर्ण, साँखु, टोखा, साँगा मजबुत किल्लाको रूपका विकसित भएको देखिन्छ (धौवन्जार, वि.स.,२०६८, पृ.१५-१४५) । उपत्यकाका चारैतिर होचा पहाडमा किल्लाहरूको अवशेष भएको र ती किल्लामा चारैतिर खाई र ढिस्का देखेको विदेशी लेखक राइटले चर्चा गरेका छन् । साहित्यिक ग्रन्थहरूमा प्राचीनकालदेखि उपत्यकाका चाँगुनारायण, स्वयम्भु, बज्रयोगिनी, पशुपतिनाथ लगायतका देवस्थलहरू वनगढका रूपमा रहेको विश्लेषण पाइन्छ । यस विश्लेषणको आधारमा टोखा वस्ती मध्यकाल पूर्वाद्धमा वसेको पुष्टि हुन्छ । टोखा शहरको मुख्य वस्तीको माथिल्लो भागमा मूलकोट रहेको छ । जहाँ तुलजा भवानीको स्थापना गरेको पाइन्छ । संस्कृतिमा यसलाई राजकुल वा राजप्रसाद भन्ने गरिएको छ । टोखाको तलेजु दरबार रहेको क्षेत्रलाई दरबार (लायकु) भन्ने गरिएको पाइन्छ ।

विशेषगरी दरवार वा मुख्य प्रशासनिक एकाईको रूपमा रहेको स्थानमा इष्टदेवताको रूपमा तलेजु भगवानीको स्थापना गरेको देखिन्छ । यसैको आधारमा स्थानीय मानिसहरूले टोखालाई एउटा देशको रूपमा रहेको मान्यता रहेको देखिन्छ । विगतमा १५ रोपनीको क्षेत्रफलको घेरामा रहेको थियो । हालको अवस्थामा करिब ४ रोपनी क्षेत्रफलमा राजप्रसाद अहिले निकै सानो क्षेत्रमा अवस्थित छ । दरबार क्षेत्रलाई शहरको सतहभन्दा करिव १० दश फिट माथि उच्चभागमा निर्माण गरिएको छ (श्रेष्ठ, वि.सं. २०७५ पृ. ९-७१) ।

सिन्धुघाटी सभ्यता र कौटिल्यको अर्थशास्त्रमा उल्लेख गरिएको नगर योजना अनुरूप टोखा शहरको निर्माण मिल्दोजल्दो देखिन्छ । नेपाल एकीकरण हुनुभन्दा पूर्वकालमा यहाँ हाल जति प्रमुख जिल्ला र स्थान नामहरू छन्, ती सबैलाई देशको नामले पुकारिन्थ्यो । यसरी देशको नामले पुकारिने अधिकाशँ स्थानहरू स्थानीय प्रशासनिक केन्द्रको रूपमा रहेको थियो । जहाँ एउटा लायकु (दरवार) र तलेजु मन्दिरको स्थापना गरिने परम्परा रहेको थियो (श्रेष्ठ, १९९६, पृ. २८५-२९६) । यसले प्राचीनकालदेखि टोखा आफ्नो छुट्टै स्वतन्त्र राज्य

नभएर एउटा स्थानीय प्रशासनिक केन्द्रको रूपमा रहेको देखिन्छ । यहाँ स्थापना गरिएको तलेजु र जीवित देवी कुमारी र गणेशको स्थापनाले प्रशासनिक केन्द्रको रूपमा रहेको तथ्यलाई स्पष्ट गरेको छ ।

यहाँ रहेको तलेजु र गणेश कुमारी प्रथाले यही कुरा दर्साउँछ । चण्डेश्वरीको प्रसिद्ध जात्रा तलेजुबाट सरकारी पूजा लगिएपछि आरम्भ हुने चलन छ । टोखाको राजनैतिक, प्रशासनिक, धार्मिक र सांस्कृतिक भूमिका निर्वाह गर्ने गरिन्छ । यहीबाट टोखाको राजनैतिक, प्रशासनिक र सांस्कृतिक भूमिका निर्वाह गर्ने गरिन्थ्यो । टेक वहादुर श्रेष्ठले टोखा एउटा छुट्टै राज्य नभएर काठमाडौको एउटा महत्त्वपूर्ण साङ्ग्रामिक स्थलको रूपमा रहेको वताएका छन् । गोपालराज वंशावलीमा नेपाल संवत् ३७४ आश्विनमा नेपिक्वाठ र टोखाक्वाठले विद्रोह गरेको घटनालाई महत्त्वपूर्ण मानिन्छ (वज्रचार्य र मल्ल, १९८५ पृ.९४) ।

मध्यकालको पूर्वाद्धका विभिन्न समयमा घटेका घटनाहरूबाट टोखा विद्रोहिहरूको शरणस्थलको रूपमा प्रसिद्ध भएको देखिन्छ । टोखा क्षेत्रमा प्राप्त भएको लिच्छविकालको अभिलेखमा उल्लेख भएको तिलमक र गुल्म शब्द परेको छ । यी दुई शब्द किराँतीभाषा परिवारबाट आएको हो । यसले किराँत कालदेखि बसोबास भएको तथ्यलाई इङ्गित गरेको देखिन्छ । टोखामा धेरै पहिलेदेखि वस्तीको विकास भइसकेको भए तापनि प्रमाणिक स्रोतको अभावमा यसवारे जानकारी कम छ । राज्यको पहलमा उचित उत्खनन् कार्य भएमा टोखाको सांस्कृतिक र ऐतिहासको विस्तृत जानकारी पाउन सकिन्छ ।

यहाँ प्राप्त भएको लिच्छविकालीन अभिलेखमा काठमाडौ उपत्यकाको उत्तरी भेकमा धर्मस्थली हाराहारी टोखा नामक प्रसिद्ध वस्ती रहेको उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०३० पृ. २६६-२७०) । यसर्थ टोखाले लिच्छविकालमा नै ख्याति कमाइ सकेको देखिन्छ । यसले टोखा लिच्छविकाल भन्दा अघि वस्ती विकास भएको आँकलन गर्न सकिन्छ । त्यस अभिलेखमा गुल्म(सुरक्षाचौकी) र तिलमक(कुलो) बारेमा चर्चा गर्दै विभिन्न पाञ्चालीका वासिन्दाहरूले भाग शान्ति मिलाई तिलमकको उपयोग गर्ने कुरा परेको छ । लिच्छविकालका अभिलेखमा कुल्या शब्दको प्रयोग नगरी तिलमक शब्दको प्रयोग गरिएको छ । यसले किरातकालमा मानव वस्तीको विकास भएको बुझिन्छ । यसबाट यहाँ कृषिका लागि सिचाईको लागि कुलोको बन्दोवस्त थियो भन्ने स्पष्ट देखिन्छ ।

टोखाका स्थानीय बासीहरूको भनाइअनुसार शिवपुरीका सामन्त (राजा) घोडा चढेर कृषि खेती हेर्न आउने गर्दथे । आजसम्म राजकुलो अवशेष टोखाको सिद्धिगणेशको उत्तर-पूर्वतर्फ छोपिएको अवस्थामा छ । किरातकालीन समयमा टोखामा कुलोको व्यवस्था गरि कृषि व्यवसाय चलिसकेको संकेत पाइन्छ । राज्यभित्रको शासन व्यवस्थालाई सुचारु रूपले सञ्चालन गर्नको लागि बलियो किल्लाको व्यवस्था गरेको देखिन्छ । त्यस समयमा निर्माण भएको किल्लाको अवशेषहरू पाउन सकिएको छैन् । तर स्थानीयका अनुसार टोखाको वरिपरि माटो पर्खाल लगाएको, चारैतर्फ गणेश, ढुङ्गेधारा, प्रवेशद्वार रहेको जनविश्वास पाइन्छ ।

प्राचीनकालमा राज्यको सञ्चालन प्रत्यक्ष केन्द्रमार्फत र स्थानीय शासन गरी दुई किसिमबाट गरिएको थियो । स्थानीय शासनको जिम्मेबारी सामन्तहरूलाई दिने व्यवस्था रहेको थियो । मूल (केन्द्र) मा कुनै कारणबश कमजोरी पैदा भएमा अधीनस्थ वरपरका सामन्त राजाहरू स्वतन्त्र हुने चेष्टा गर्दथे । यस्तो अवस्थामा ती सामन्तहरूलाई कज्याउन सकिएन भने राज्यै टुक्रिने सम्भावना हुन्थ्यो । त्यस समयमा सामन्तले समेत राज्यको

रूपमा प्रशासन सञ्चालन गरेको तथ्यलाई चाँगुनारायणस्थानको मानदेवको संवत् ३८६ को अभिलेखमा पूर्वका सामन्त राजाहरूलाई कज्याएर मानदेव पश्चिमतिर अघि बढेको चर्चा गरिएको छ। त्यसरी केन्द्रको सिधा शासन पूर्वतिर दोलखा, मूलकोटसम्म र पश्चिमपट्टि गोरखासम्म रहेको अभिलेखमा उल्लेख पाइन्छ (बज्राचार्य, वि.सं. २०३० पृ. ९-३०)।

यसरी आ-आफ्नो देशको सुरक्षाको लागि दुर्ग(किल्ला) को निर्माण गरिएका हुन्थ्ये। कोट्टभित्र बस्ती जनतालाई आवश्यक पर्ने सम्पूर्ण सुविधाहरू दिनुको साथै कर छुटको व्यवस्था गरेको पाइन्छ। यसले शत्रुपक्षबाट हुनसक्ने आक्रमणबाट बच्नका लागि निर्माण गरिएको देखिन्छ। किल्लाको इलाकाभित्र बस्ने मानिसहरूलाई सरकारले विशेष सुविधा दिइएको देखिन्छ। विभिन्न भनाइहरूको विश्लेषणबाट टोखामा राजदरबार वा सामन्तको व्यवस्था गरी सुरक्षाको लागि किल्लाको निर्माण गरिएको देखिन्छ। टोखामा प्राप्त भएको अभिलेखमा उल्लेख भएको किल्लाले टोखा क्षेत्र कुनै समयमा महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको स्पष्ट संकेत गरेको छ।

उपत्यकाको प्राचीन उत्तरी ढोकाको रूपमा लिने गरिएको छ। लिच्छविकालका व्यापारीहरू नुवाकोट, रसुवा हुदै तिब्बतको केरुङ्ग जाने प्रमुख बाटो यही थियो। टोखा शहरको निर्वाण प्रक्रियाका आधारमा पनि यो एउटा छुट्टै राज्यको रूपमा रहेको पाउन सकिन्छ। संसारका प्राचीन सभ्यताहरूमा किल्लाबन्दी गरी शहर (नगर) हरू बसाउने परम्परा थियो। टोखा शहर निर्माण शैलीमा सुरक्षा चौकी, दक्षिण पश्चिमतिर कुलोको दोभान, उत्तरतिर पानी झरेको ठाउँ, दक्षिणतिर ज्ञातिखृत नदी वरिपरि कुलोको सिमानाभित्र रहेको देखिन्छ। टोखाको नगर सभ्यताको संरचनालाई हेर्दा सम्पूर्ण नगर नै किल्ला अनुसार बनेको र नगरभित्र प्रवेश गर्ने द्वारहरू रहेबाट विद्यमान संरचना प्राचीनकालमा नै विकसित भएर रहेको शहर भन्ने अनुमान गर्न सकिन्छ। टोखामा धेरै पहिलादेखि सुरक्षात्मक दृष्टिकोण अपनाइएको देखिन्छ।

अभिलेख, साहित्यिक स्रोत, किंम्बदन्ती, पुरातात्वि स्रोत, अवलोकन लगायत अन्य स्रोतहरूको आधारमा टोखा कुनै बेला राजा वा सामन्तले राज्य संचालन गरेको देखिन्छ। लिच्छविकालभन्दा अगाडिको साहित्यिक र पुरातात्विक स्रोतहरूको अभावले त्यसभन्दा अगाडिको अवधिमा भएको क्रियाकलापहरूको आधिकारिक तथ्यहरू उपलब्ध छैन। लिच्छविकालमा प्राप्त भएका विष्णुपादुकाको फेदीको शिवदेवको संवत् ५१२ को अभिलेख, धर्मस्थलीको शिवदेव अंशुवर्माको संवत् ५१७ को अभिलेख रहेको छ। यसरी बुढानिलकण्ठको शिवदेव अंशुवर्माको संवत् ५१७, धर्मपुरको अभिलेख संवत् ५२०, धापासीको शिवदेव अंशुवर्माको संवत् ५२६ अभिलेखले महत्त्वपूर्ण स्थान अभिलेखहरू राखिएको छ ( बज्राचार्य, वि.सं.,२०३०, पृ.२५७-२८१)। यसले टोखा एउटा छुट्टै राज्यको रूपमा थिएन कि भन्ने देखिन्छ। मध्यकालमा आएर टोखालाई जयपुर, लक्ष्मीपुर, तोखा ग्राम, टोखा देश नामकरण गरिएको पाइन्छ। यसले मध्यकालमा टोखा चारसय गाउँको भौगोलिक क्षेत्रलाई शासन गरेको भन्ने विश्वास गर्न सकिने आधार पाउन सकिदैन्।

## स्वतन्त्र प्रशासनिक इकाइको रूपमा टोखाको पतन

प्राप्त भएको प्रमाणहरूको आधारमा विश्लेषण गर्दा टोखा एउटा राज्यको रूपमा नभएर केन्द्रीय शासन अन्तर्गत रहेको देखिन्छ। यहाँ सामन्तलाई केही अधिकारहरू दिएर विषय वा देश जिल्लाको (विषय

वा देश) रूपमा रहने गरी रेखदेख गर्ने जिम्मेबारी दिएको पाइन्छ । यसलाई पुष्टि गर्नका लागि संवत ३८६ को अभिलेखलाई लिन सकिन्छ (वज्राचार्य, वि.सं. २०३० पृ. १४-३०) । यसले टोखा केन्द्रीय शासनको प्रत्यक्ष नियन्त्रणमा नभई सामन्तले सञ्चालन गरेको स्पष्ट गरेको छ । यस्तो सामन्तले शासन सञ्चालन गर्ने व्यवस्था अनुरूपमा टोखामा हालसम्म मूल नाइकेले शासन गर्ने चलन कायम रहेको देखिन्छ । यसलाई टोखामा नै रहेको लिच्छविकालीन अभिलेखमा हाम्रो तर्फवाट जीविका चलाउनेहरू वा सरकारी कर्मचारीहरूले यस क्षेत्रका मानिसहरूलाई अलिकता पनि दुख नदिनु भन्ने निर्देशन दिएको देखिन्छ । जसले यो आज्ञा नटेरेर अन्यथा गर्ला वा गराउला त्यसलाई हामी सहने छैनौ भनिएबाट यो कुराको पुष्टि हुन्छ (जोशी, वि.सं.२०३०, पृ. २४५-२४६) ।

नेपालको इतिहासमा लिच्छवि शासनको अन्त्यपछि जुन राज्य विभाजनका लहर चल्यो, यो घटना राजनैतिक दृष्टिले महत्त्वपूर्ण देखापर्छ । लिच्छवि राजाहरूले उपत्यका केन्द्रबाट पूर्व र पश्चिममा अनेक सामन्त शासकहरू मार्फत राज्य सञ्चालन गरेको देखिन्छ । मध्यकालको पूर्वार्द्धमा पूर्व र पश्चिमपट्टि टाढा–टाढाका प्रदेशहरूलाई (विषय वा जिल्ला) जस्ता विभिन्न प्रशासकीय एकाईमा विभक्त गरी विषयपतिमार्फत शासन सञ्चालन गर्ने गरेको तथ्यलाई स्पष्ट गरेको छ (वज्राचार्य, वि.स. २०३० पृ. २०-२८०) ।

गोपालराज वंशावलीमा नेपाल संवत् ४६० मा कृष्ण अष्टमीको दिन बनेपाली कस्त भालाई निकाला गरियो । उनलाई त्रिपुरले आफ्नो राज्यमा वस्न दियो । उनीहरू मिलेर नौ दिनपछि टोखाराजलाई दबाउने काम गरियो । यसको नेतृत्व जोगराम मूलमी र श्रीगोपालचन्ददेव टोखामा गएका थिए । टोखाले विद्रोह गरे । तर तुरुन्तै त्रिपुरवाट आएका सैन्यले टोखा आफ्नो नियन्त्रणमा लिई विद्रोह दबाउन सफल भए । टोखा किल्लाभित्रका सबै विद्रोहीहरू समातिए र गोपालदेवको टाउको काटियो भनिएको छ (वज्रचार्य र मल्ल, १९८५ पृ.१०६) ।

वास्तवमा टोखामा पटक-पटक राजनैतिक घटना भएको देखिन्छ । यसले टोखा प्रदेश वा प्रशासनिक इकाइको रूपमा रहेको थियो भन्ने तथ्यलाई उजागर गर्छ । गोपालराज वंशालीले नेपाल संवत् ४४६ मा पशुपति मल्ल टोखामा बसेको देखिन्छ । यसले टोखा क्षेत्र रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको थियो भन्ने स्पष्ट गर्दछ । यिनले टोखामा रहँदा कस्तो-कस्तो कदम चाले भन्ने कुरा रहस्यमय छन् । महाथ जेतपाल नुवाकोटका एक प्रसिद्ध भारदार थिए । त्यसताका सामन्तद्वारा शासित प्रदेशहरूका यस्ता महाथहरूले स्थानीय प्रशासनमा महत्त्वपूर्ण सहयोग पु-याउने व्यवस्था थियो । आर्थिक तथा साङ्ग्रामिक दृष्टिले महत्त्वपूर्ण प्रदेश नुवाकोटमा सामन्त जुगले नेपाल संवत् ४६५ स्वतन्त्र शासक थिए (श्रेष्ठ, १९९६,पृ. २८५-२९६) ।

यसै क्रममा जेतपाल र जुगवीच राजनैतिक विवाद परी जेतपाल नुवाकोटवाट निष्कासित भए । नेपाल संवत् ४७८ मार्गमा जेतपाल टोखामै शरण पर्न आएको देखिन्छ । राजनैतिक कारणवश राजा तथा भारदार देश छाडि भाग्न परेमा सुरक्षित किल्लाहरूमा शरण पर्न जाने चलन थियो । नेपाल संवत् ५०१ मा जयस्थिति मल्लले अर्जुन मल्ललाई पन्छाई राज्य आफ्नो हातमा लिएका थिए । राजमाता ऋद्धिलक्ष्मीलाई कैद गरी टोखामा पठाएको घटना यस सर्न्दभमा उल्लेख गरिएको छ (श्रेष्ठ, १९९६,पृ. २८५-२९६) ।

यस्ता गतिविधिले हेर्दा टोखा एउटा महत्त्वपूर्ण प्रदेशको रूपमा रहेको देखिन्छ । उपत्यकाको एउटा सिङ्गो मल्ल राज्य विभाजन भई कान्तिपुर, ललितपुर र भक्तपुर गरी तीन छुट्टै राज्यहरूको स्थापना भयो । विभाजन हुँदा धार्मिक, सांस्कृतिक तथा साङ्ग्रामिक दृष्टिले महत्त्वको प्रदेश टोखा कान्तिपुर राज्यमा पर्न गयो ।

तर कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लको राज्यकालमा टोखा पृथ्वीनारायण शाहको कब्जामा थियो। पृथ्वीनारायण शाहले उपत्यकाका महत्त्वपूर्ण प्रदेशहरू आफ्नो कब्जामा लिने क्रममा वि.सं. १८०७ मा टिष्टुङ, चितलाङ, दहचोक र शिवपुरी विजय गरेका थिए। वि.सं. १८२२ जेठमा टोखाले कुनै प्रतिकार नगरी पृथ्वीनारायण शाहसँग मिल्न गएकोले कान्तिपुर राज्यअन्तर्गतको टोखा प्रदेश गोरखा अधिराज्यमा बिलिन भयो (श्रेष्ठ,१९९६, पृ.२८५-२९४)।

## टोखामा पाइने भौतिक तथा अभौतिक सम्पदा

टोखामा इन्द्रजात्राको दिन टोखाको थनेलाक्षी चोकमा टाउको मात्र भएको प्राचीन यलम्बर देवता जसलाई नेपाल भाषामा हाथु द्यो: भनिन्छ। किराँती राजा यलम्वरको टाउकोको मुर्ति बनाएर पुजा गर्ने परम्परा हालसम्म कायम रहेको देखिन्छ। यसले प्राचीनकालमा टोखा किराँतीहरूको राज्य अर्न्तगत रहेको अनुमान गर्न सकिन्छ (पन्त, वि.सं. २०६९पृ.११-३६)। यसबाट टोखा क्षेत्र यलम्वरको समयमा नै प्रसिद्ध शहरको रूपमा विकास भै सकेको सङ्केत मिल्दछ।

टोखा नगरमा राजदरवार, चण्डिकेश्वर, चण्डेश्वरी, भिमसेन, गणेश, पोखरी, ढुङ्गेधारा, पाटी, पौवा, वौद्ध स्तुपा रहेका छन् (टोखा गुठीका अध्यक्ष धर्म श्रेष्ठसँगको अन्तरक्रियामा आधारित)। यहाँ विभिन्न देवीदेवताहरूको मठ-मन्दिरहरू, राजकुलो, दक्षप्रजापतिले अश्वमेघ यज्ञ गरेको पवित्र स्थल, सतीदेवीले समाधि लिएको पुण्यभूमि(हरिकृष्ण डंगोलसँगको संवादमा आधारित) आदिको प्राप्तीले कुनै वखतमा विकसित शहरको रूपमा रहेको देखिन्छ। साथै, टोखाले कुनै वेला स्वतन्त्र राज्यको रूपमा रहेको देखिन्छ। टोखामा राजा वा सामन्तको ठुलो दरबार बनेको थियो। टोखाले स्वतन्त्र पूर्वक स्थानीय प्रशासन सञ्चालन गर्ने गरेको देखिन्छ। यसले शासन सञ्चालन गर्ने क्षेत्रमा चारसय गाउँ र त्यसको क्षेत्रफल सात सय फेरा रहेको थियो। जसलाई स्थानीय मानिसहरूले आजसम्म टोखालाई "चारसय टोखा सात सय फेरा" रहेको कथन छ।

टोखामा लिच्छविकालमा राखिएको शिवदेव र अंशुवर्माको संवत् ५१९ को अभिलेख प्राप्त भएको छ। यहाँ प्राचीन कालदेखिका भौतिक संस्कृतिहरूमा मठ मन्दिर, मूर्ति, शिलालेख, अभिलेख, लोक नृत्य, लोकवाजा, ढुङ्गेधारा, पोखरी, डवली, पाटी, पौवा रहेका छन्। यसरी अभौतिक संस्कृतिहरूमा जात्रापर्व, भेषभूषा, चालचलन, रीतिथिति परम्परागत रूपमा निरन्तरता पाएको देखिन्छ।

## छलफल एवम् निष्कर्ष

लिच्छविकालीन समयमा राज्यको सञ्चालन दुई किसिमबाट गरिएको देखिन्छ। यस्तो शासन व्यवस्था सोझै केन्द्र र सामन्तद्वारा गर्ने गरेको देखिन्छ। त्यस समयका साहित्यक स्रोतहरूमा टोखा क्षेत्र जिल्लाको(विषय वा देश)को रूपमा रहेको देखिन्छ। त्यस समयमा विषय वा देशको रूपमा प्रशासनिक केन्द्रको रूपमा विकसित गरेको स्थानलाई भन्ने गरेको पाइन्छ। यसबाट टोखालाई केन्द्रबाट प्रत्यक्ष शासन नगरी सामन्तलाई प्रशासनिक अधिकार सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गरेको देखिन्छ। त्यस समयमा पशिचममा गोरखा र पूर्वमा दोलखासम्म सोझै केन्द्रद्वारा शासन गरिएको देखिन्छ। तर, कालिगण्डीपारि र पूर्वतर्फ राज्य गर्नका लागि सामन्तहरूको नियुक्ति गरिएको पाइन्छ। विषयपति केन्द्रद्वारा सोझै शासन गरिने देशमा अनेक विषय (जिल्ला) हरू थिए। प्रत्येक विषयमा स्थानीय प्रशासन चलाउन एक विषयपति नियुक्त गरेको देखिन्छ।

देशलाई अनेक विषयमा विभक्त गरी विषयपति नियूक्त गरी शासन चलाउने चलन तात्कालिक भारतमा प्रचलित थियो । त्यसैको शासन व्यवस्थालाई प्रचलनमा ल्याएको पाइन्छ । यसबाट लिच्छविकालका शासकहरू भारतबाट प्रभावित भएको देखिन्छ। त्यस समयमा शासन व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि ग्राम, तल, द्रङ्गको रूपमा स्थानीय निकायलाई विभाजन गरिएको पाइन्छ। कतिपयस स्थानहरूमा प्रशासनाधिकार मूल(केन्द्र) मा सीमित नराखी स्थानीय जनतालाई सुम्पिएको अभिलेखहरूबाट देखिन्छ। यसरी आफ्नो प्रशासनिक अधिकार सुम्पिएका स्थानीय निकायहरूमा टोखा परेको देखिन्छ। टोखा उपत्यकाको पहिलो वस्ती थियो ।

उपत्यकाको उत्तरी भेगमा रहेको बुढानिलकण्ठ क्षेत्रको धोबीखोला छेउमा नवपाषाणकालिन उपकरण प्राप्त भयो । यसको आधारमा बुढानिलकण्ठ र टोखा क्षेत्रलाई प्राक्मानवको बसोबासको रहेको मान्न सकिन्छ । उत्तरी क्षेत्रमा प्राप्त भएको लिच्छविकालको अभिलेखबाट यो क्षेत्र प्राचीनकालमा मानव बसोबासको विकास भएको देखिन्छ । प्राचीनकाल, मध्यकालमा उपत्यकामा पटक-पटक बाह्य आक्रमणबाट आहत हुन पुगेको देखिन्छ। उपत्यकाको सुरक्षा गर्नको लागि उपत्यकाको वरिपरिका बस्ती डाँडाहरूमा किल्लाको विकास गरेको पाइन्छ। यस्ता किल्लाहरू अग्लो डाँडाहरूमा रहेका बाक्लो वस्ती भएका स्थानहरू चाँगु, साँखु, गोकर्ण, टोखा, स्वयम्भूलाई वनदुर्गको रूपमा किल्लाको विकास गरेका थिए । उत्तरी क्षेत्रबाट उपत्यका छिर्ने महत्त्वपूर्ण स्थान रहेको थियो । त्यस समयमा विकल्पको रूपमा उपत्यकाबाट ब्यापारको लागि नुवाकोट, रसुवा हुँदै तिब्बतको केरुङ्ग जानको लागि टोखा उत्तरी ढोकाको उपयोग गरेको देखिन्छ।

टोखमा प्राप्त लिच्छविकालीन अभिलेखमा तिलमक चर्चा गरिएको छ । धनवज्र वज्रचार्यले किराती भाषाको रूपमा रहेको तिलमकको अर्थ 'कुलो' मानिएको छ । यसरी अभिलेखमा गुल्मको शब्दको प्रयोग गरिएको छ। वज्राचार्यले गुल्मको अर्थ 'सुरक्षा चौकी'को रूपमा व्याख्या गरेका छन्। यसले त्यस समयमा कृषि व्यवसायको लागि प्रख्यात रहेको देखिन्छ। यहाँ उत्पादन भएका बस्तुहरूलाई बजारको रूपमा काठमाडौलाई बनाएको पाइन्छ। कृषि उत्पादनलाई बढाउनको लागि पानीको लागि कुलोको व्यवस्था गरेको देखिन्छ।

टोखामा विभिन्न समयमा राखिएका लिच्छवि र मध्यकालका अभिलेखहरूबाट छुट्टै राज्यको रूपमा रहेको पाइदैन् । तर, टोखालाई प्रशासन चलाउने अधिकार प्रत्याजित गरको देखिन्छ। टोखाले सञ्चालन गर्न प्रशासनको क्षेत्रमा पर्न आउने स-साना गाउँहरूको संख्या चारसय रहेका छन् । त्यसले चर्चेको भौगोलिक क्षेत्रफल भित्र सातसय फेरा भएको देखिन्छ । हालसम्म मूल नाइके नियुक्ती गर्ने चलन यथावत रहेको छ । टोखामा मूल नाइके नियुक्ती गर्दा चण्डेश्वरीमा बिहान १० बजेतिर सरकारी पूजा सहित चण्डेश्वरी देवीलाई पञ्चचबली पूजा मूल नइकेको नेतुत्वमा गर्ने चलन छ।

यसरी मूल नाइके बहाली गर्दा सरकारी कोष अनुदानबाट गर्ने परम्पराले राज्यको रूपमा नभई प्रशासनिक रहेको देखिन्छ। मूल नाइकेले चैत्र दशै, चण्डेश्वरीमा पञ्चबलि पूजा, कोठू गणेश रात्री पूजा, बिस्केट जात्रा, ह्वगङ्ग जात्रा, द्वारे पूजा, इन्द्रजात्रा दशै, गुहेश्वरीपूजा, मसानकाली स्वर्गद्वार बलिपूजा र जात्रापर्वहरूको नेतृत्व गर्ने गरेको देखिन्छ । टोखालाई सामाजिक, सांस्कृतिक र धार्मिक कार्यहरू मूल नाइकेले सञ्चालन गर्ने गरेको पाइन्छ । यसले शासन सञ्चालन गर्दा सांस्कृतिक, धार्मिक लगायत कर असुलीका लागि स्थानीय सामन्तलाई स्वायत्ता दिएको स्पष्ट गर्दछ। लिच्छविकालमा शासन व्यवस्थित रूपमा चलाउन ग्राम, तल, द्रङ्गको

रूपमा स्थान विभाजन गरिएको थियो । टोखामा रहेको तलेजु, सुरक्षाको व्यवस्था, धार्मिक, सांस्कृतिक गतिविधि सञ्चालन गर्ने मुख्य केन्द्रको रूपमा रहेको हुनाले थंतुरीद्रङ्ग अर्न्तगत पर्ने प्रसिद्ध शहर भएको देखिन्छ । प्राप्त गरिएको तथ्यहरूको छलफलको विश्लेषण गर्दा टोखा क्षेत्र जिल्लाको(विषय वा देश)को रूपमा रहेको पाइन्छ । यसले सञ्चालन गर्ने प्रशासनिक अधिकार क्षेत्र "चारसय ग्राम र सातसय फेर" भित्र  रहेको देखिन्छ । स्थानीय मानीसहरूको भनाई अनुसार टोखा एउटा  छुट्टै राज्यको रूपमा रहेको मान्न सकिने आधारहरू रहेका छैनन् ।

टोखाको भौगोलिक सिमाक्षेत्रभित्र पर्ने गाउँहरूमा गोकर्ण, चुनीखेल, गाम्चा, टुसाल, खड्का भद्रकाली, नारायणटार, वासुखु, हात्तीगौडा रहेका छन् । त्यसरी धापासी, धर्मस्थली, साङ्ला, काभ्रेस्थली, झोर, मनमैजु रहेको देखिन्छ । यसरी प्रशासनिक रूपले समेटिएका गाउँको संख्या चारसय भएकोले "चारसय टोखा सातसय फेरा" भन्ने गरेको देखिन्छ । कतिपय विद्वान्हरूले टोखाको क्षेत्रफल शङ्खमूलसम्म रहेको तर्क अगाडि ल्याएको छन् । त्यसलाई प्रमाणित गर्ने सकिने साहित्यिक तथा पुरातात्विक स्रोतहरू पाउन सकिएको छैन् । के आधारमा यस्ता कुराहरू भएको छन् त्यसको भविष्यमा अध्ययन गर्नेपर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्री


डंगोल, मनिराज,(वि.स. २०७३), *प्राचीन नेपाल तथा काठमाडौं उपत्यकाको उत्तरी प्रवेशद्वार,* ग्वँगःबुँ व्यापार समिति ।

धौवन्जार, गोपाल,(वि.सं. २०६८), *काठमाडौं उपत्यकाका वस्तीहरू,* श्रीमती कल्पना श्रेष्ठ ।

पन्त, दिनेशराज, (वि.सं. २०६९), *प्रथम किरात राजा यलम्बरको समय,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पन्त, दिनेशराज,(विस. २०६९), *प्रथम किरात राजा यलम्बरको समय,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भुवनलाल, (वि.स. २०७६), *नेपालको इतिहास र संस्कृतिका केही पक्ष* : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र, (वि.स. २०६०), *नेपालको प्रागितिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र, (वि.सं. २०३०), *लिच्छविकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

माली, टी.एन, (१९७९), *द  भिलेज अफ् काठमाडौं,* ट्वीन भिलेज पञ्चायतम अफ् टोखा ।

हरिराम जोशी, (वि.सं. २०३०), *नेपालका प्राचीन अभिलेख,* नेपाल प्रज्ञा-प्रतिष्ठान ॥

श्रेष्ठ, टेकबहादुर, (१९९६), टोखाः एक ऐतिहासिक चर्चा, *कन्ट्रीव्यूसन अफ नेपीलिज स्टडिज,* नेपाल र एशियाली अनुसन्धान केन्द्र. २३(१)२८५-२९४।

श्रेष्ठ, टेकबहादुर, (वि.सं. २०५१), *टोखाको ऐतिहासिक सर्वेक्षण,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, मदन, (वि.सं. २०७५), *ऐतिहासिक नगर टोखा,* मिर्मिरे बचत तथा ऋण सहकारी संस्था लि. ।

श्रेष्ठ, पुरुषोत्तलोचन, (वि.सं. २०८०), *अन्तङ्गका तरङ्गहरू,* संचित वचत तथा ऋण सहकारी संस्था ।

Banerjee, N.R. (1969). Discovery of the Remains of Prehistorice Man in Nepal. *Ancient Nepal*:  Department of Archaeology. *6*(59). pp.6–9).

Joshi, R.V.(1966). Prehistoric Explorations in Kathmandu Valley.Nepal. *Bulletin of the Archaeological Survey of India, Digital Library of India items2015.424114*. 17(12). pp.150–230.